# आफ्नो

## आपतकालीन सामाग्रीमा पानी समावेश गर्नुहोस







regionalh2o.org/emergency-preparedness

# आपतकालीन पानी आपूर्ति भण्डारण गर्ने कार्य सजिलो छ

तपाईंको आपतकालीन पानी आपूर्ति तपाईंले पसलबाट किनेको बोतलको पानी हुनसक्छ वा तपाईंले आफ्नै भाँडोमा भरेर राख्न सक्नुहुन्छ। यदि तपाईंले बोतलको पानी खरिद गर्नुभयो भने, यसलाई मूल भाँडोमा नै राख् नुहोस् र तपाईंलाई प्रयोग गर्नु आवश्यक नपरेसम् म यसलाईनखोल्नुहोस्।

यदि तपाईंले आफ्नै भाँडोको प्रयोग गर्नुभयो भने, यसमा राम्ररी बिर्को लागेको छ, र भाँडो खानेकुरा राख्न मिल्ने प्लास्टिक वा पानी राख्नको लागि निर्माण गरिएको स्टील हो भन्ने कुरालाई निश्चित गर्नुहोस् । भाँडोलाई प्रयोग गर्नुभन्दा पहिले धाराको पानीमा राम्ररी सफा गर्नुहोस्।

## भाँडो सफा गर्ने

1 भाँडो र यसको बिर्कोलाई राम्ररी धुनको लागि भाँडा माझ्ने साबुन र सफा पनीको प्रयोग गर्नुहोस्।

2 भाँडोलाई सफा पानीले राम्ररी पखाल्नुहोस्।

3 घरमा चलाउने एक चिया चम्चा क्लोरिनलाई चार कप पानीमा घोल्नुहोस्।

4 भाँडोमा यो घोललाई हाल्नुहोस्, यसको बिर्को हालेर बिर्को राम्ररी कस्नुहोस्।

5 छेउ-कुना सफा हुने गरी भाँडोलाई 30 सेकेन्डसम्म हल्लाउनुहोस्।

6 उक्त घोललाई खन्याउनुहोस् र रित्तो भाँडोलाई हावाले सुक्न दिनुहोस्।

## सफा गरिएको भाँडो भर्ने

1 भाँडोलाई माथि सम्मै भर्नुहोस् — यसको मुखमा हातले नछुनु होस् वा धाराको टुप्पाले नछुवाउनुहोस् किनभने यसले तपाईंको पानी वा भाँडालाई दूषित गर्नसक्छ।

2 यो चरण तपाईंको पानी कहाँबाट आउँछ त्यसको आधारमा फरक हुनसक्छ:

**इनार वा अन्य असुरक्षित पानीको स्रोतबाट आएको पानीमा:** → तपाईंलाई प्रति ग्यालेन 1/8 चियाचम्चा घोलको आवश्यकता पर्नेछ |

पानी प्रदायक, जस्तै शहरकोमा, तपाईंले पानीमा ब्लिच हाल्नु पर्दैन किनभने पानी पहिले नै प्रशोधित हुन्छ |

3 बिर्को लगाउनुहोस्। बिर्को लगाउने क्रममा बिर्कोको मुनि वा भित्रपट्टि नछुनु होस् र यसलाई कसिलो गरी सुरक्षित गर्नुहोस्। भाँडोमा लेबल टाँसेर मिति उल्लेख गर्नुहोस् ताकि तपाईंले यो कहिले भर्नु भएको हो सो कुरा थाहा हुनेछ।

## पानी भण्डारण गर्दा गर्न हुने र गर्न नहुने कुराहरू

**गर्नुहोस्** पसलबाट बोतलको पानी किन्नुहोस् वा पानी भण्डारण गर्नको लागि आफ्नै सामग्री प्रयोग गर्नुहोस्।

**गर्नुहोस्** क्याम्पिङ वा आउटडोर स्टोरहरूमा पाइने वा दुई लिटरको सोडा बोतल जस्ता खानेकुरा राख्न मिल्ने भाँडोहरूको प्रयोग गर्नुहोस्।

**नगर्नुहोस्** सिशाको भाँडो वा पहिले दूध वा जुस राखिएको जगहरू, वा रसायनपदार्थ वा रङ्गको लागि प्रयोग गरिएको भाँडो प्रयोग नगर्नुहोस्।

**गर्नुहोस्** हरेक 6 महिनामा पुरानो पानीलाई हटाएर नयाँ पानी परिवर्तन गर्नुहोस् (यो त्यति खराब हुँदैन, त्यसकारण तपाईंलाई आपत्कालिन रूपमा पानी चाहियो र पानी छ महिनाभन्दा पुरानो छ भने पनि यसलाई प्रयोग गर्न सक्नुहुन्छ)

**गर्नुहोस्** आफूले सक्नेजति पानी भण्डारण गर्नुहोस् (यदि आवश्यक परे, सानोदेखि सुरु गर्नुहोस् र आफ्नै आपूर्ति निर्माण गर्नुहोस्)

**गर्नुहोस्** पानीलाई चीसो, अँध्यारो स्थानमा भण्डारण गर्नुहोस् (सम्भव भएमा)

क्षेत्रीय पानी प्रदायक संघ (Regional Water Providers Consortium) ठूलो पोर्टल्यान्ड वा महानगरीय क्षेत्रमा महानगरीय पानी आपूर्ति योजना र व्यवस्थापनलाई सुधार गर्नको लागि काम गर्ने सहकारी र समन्वय संस्था | यो संघ, यसका सदस्यहरू, र आपतकालीन तयारी, पानी संरक्षण, र क्षेत्रीय सहकार्यहरूको बारेमा थप जान्नको लागि, यो वेब साइटमा जानुहोस् www.regionalh2o.org

पुनर्नवीनीकरण गरिएको कागजमा प्रि न्ट गरिएको

© REGIONAL WATER PROVIDERS CONSORTIUM 2023